नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन { ४२००५०५, ४२००२११, ४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- ०७७/७८

चलानी नं.:- १८८

मिति: २०७७/७/१८

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
दर्ता नं. 339
मिति : 6/29

विषय:-<u>वैदेशिक अध्ययन/तालीम छात्रवृत्तिमा मनोनयन गर्ने सम्वन्धमा।</u>

दर्ता नं. : 3669
दर्ता मिति : 077/7/29

श्री उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं ।

तपशील अनुसारको अध्ययन/तालिम कार्यक्रममा तहाँ मन्त्रालय वा मन्त्रालय अन्तर्गतबाट मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४० ख (३) बमोजिम गठित समितिको आगामी वैठकवाट अनुमोदन हुने गरी मिति २०७७/७/१७ गते निर्णय भएकोले उक्त कार्यक्रममा उपयुक्त उम्मेद्वार मनोनयन गरी मनोनित कर्मचारीको नाम, सम्पर्क नं. र ईमेल ठेगाना आवश्यक कार्यार्थ अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनुहुन तथा मनोनयन गरिएको कर्मचारीको संकेत नं. समेत उल्लेख गरी सोको जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै, तालिम तथा अध्ययन कार्यक्रममा उम्मेद्वार मनोनयन गर्दा कार्यक्रमसँग असम्वन्धित व्यक्तिको मनोनयन भई सम्वन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनी निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

छात्रवृत्तिको मनोनयनमा सम्वन्धित सेवा, समूह र श्रेणीभित्रका समावेशी महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी समय काम गरेका आधारमा साथै योग्यता पुगेका सहायक स्तरका कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।

तपशील:

| क्र. सं. | अध्ययन/तालीम/ अध्ययन भ्रमण सेमिनारको विषय | सिट संख्या | कार्यक्रमको अवधिफारम / भर्ने अन्तिम मिति | अवसर प्रदान गर्ने निकाय / कार्यक्रम संचालन हुने मुलुक | आवश्यक योग्यताअन्य प्रासंगिक / व्यहोरा | अध्ययन/तालीम वितरण गरिएकानिकाय/ निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|
| १. | "Agriculture Studies Networks for Food Security Agri-Net) 2021" (Master Degree) Study | 2 (1 main, 1 alternative) | October, 2021- September, 2023 (Two years) | JICA/ Japan | • Nationality: Nepali<br>• Age: Less than 40 Years<br>• Educational background: Bachelor degree<br>• Working experience: have experiences more than 5 years<br>• English language proficiency: adequate English skills both in written and oral communication to compete the master degree such as: TOEFL iBT: 80/ CEFR :B2 | श्री उर्जा, जल स्रोत तथा सिँचाई मन्त्रालयले मनोनयन गर्ने |

- ☐ श्री जलस्रोत महाशाखा
- ☐ श्री ऊर्जा महाशाखा
- ☐ श्री विकास सहायता तथा प्रादेशिक समन्वय महाशाखा
- ☐ श्री कार्यक्रम, बजेट तथा अनुगमन महाशाखा
- ☐ श्री जल, मौसम तथा वातावरण महाशाखा
- ☑ श्री प्रसाशन महाशाखा
- ☐ श्री कानून तथा फैसला कार्यान्वयन महाशाखा

२०७७/७/१८

(राजन थापा)
शाखा अधिकृत

6/29 website मा